# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


**Volume 16, Issue 4 No. 94 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Bi-monthly, Fagun-Chaitra 2073 (March 2017)**


## ICT Centre स्थापना

नेपाल टेलिकमले २०७२ बैशाख १२ र २९ गते को विनाशकारी भूकम्पबाट अति प्रभावित १४ जिल्ला मध्ये गोरखा, धादिङ, रसुवा, सिन्धुपाल्चोक र दोलखामा ICT Centre स्थापनाको लागि आवश्यक सामग्रीहरु सम्बन्धित जिल्लामा उपलब्ध गराई ICT Centre स्थापनाको कार्य आरम्भ भइसकेको छ ।

बाँकी ९ जिल्ला मध्ये काठमाडौं, ललितपुर र भक्तपुर बाहेकका नुवाकोट, काभ्रेपलान्चोक, ओखलढुङ्गा, रामेछाप, सोलुखुम्बु र भोजपुरमा कम्पनीको ब्राण्ड प्रोमोसन हुने गरी प्रत्येक जिल्लाको एक/एक वटा सरकारी विद्यालय गरी जम्मा ६ वटा विद्यालयमा यसै आर्थिक वर्षभित्र ICT Centre स्थापना समेत गरिने भएको छ । ती सामुदायिक विद्यालयहरुमा मासिक 30GB Data Volume निःशुल्क सहित २ बर्षसम्मका लागि इन्टरनेट सेवा उपलब्ध गराउने व्यवस्था समेत गरिएको छ ।

## सबै Series का iPhone सेटमा 4G सेवा

नेपाल टेलिकमले सञ्चालन गरिरहेको 4G/LTE सेवा सबै Series का iPhone सेटहरुमा पनि प्रयोग गर्न सकिने भएको छ । यस अघि यो सेवा iPhone 5 Series का सेटमा मात्र प्रयोग गर्न सकिने अवस्था थियो । गत माघ २५ गतेदेखि iPhone 6, 6+,7, 7+ Series का सेटहरुमा पनि 4G/LTE सेवा प्रयोग गर्न सकिने भएको हो ।

नेपाल टेलिकमले 4G/LTE सेवा सञ्चालन आरम्भ गर्नु अगावैदेखि Apple कम्पनीका सबै Series का मोबाइल फोन सेटहरुमा पनि यो सेवा प्रयोग गर्न सकिने व्यवस्था गर्न उक्त कम्पनीलाई आग्रह गरेपछि

(बाँकी २ पेजमा)

# कम्पनीको तेह्रौं वार्षिकोत्सव सम्पन्न




नेपाल टेलिकमको तेह्रौं वार्षिकोत्सव विविध कार्यक्रमको आयोजना गरी गत माघ २२ गते सम्पन्न भएको छ । कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित वार्षिकोत्सव समारोहमा सूचना तथा सञ्चार मन्त्री सुरेन्द्र कुमार कार्कीले नेपाल टेलिकमले तथ्यांक भन्दा पनि परिणाममा जोड दिनु पर्ने बताउदै प्रतिस्पर्धात्मक रुपमा नेपाली जनताको हितमा समर्पित हुने गरी कार्य गर्न आग्रह गर्नु भएको थियो ।

उहाँले देशका दुर्गम स्थान र सहरी क्षेत्रका अस्पताल र स्कुल/कलेजहरुमा नेटवर्क विस्तार गरी सबैलाई प्रविधिको माध्यमबाट एक अर्कासँग सम्पर्क गर्न र विश्वको अवस्थासँग परिचित हुने कार्यमा सहयोग पुऱ्याउन कम्पनीलाई सुझाव दिनुभएको थियो ।

कार्यक्रममा मन्त्री सुरेन्द्र कुमार कार्कीले कम्पनीले प्रकाशन गरेको 'वार्षिकोत्सव स्मारिका'को विमोचन गर्नुका साथै नयाँ प्रविधि र स्वरुपमा CRBT सेवाको पुनः संचालन आरम्भ गर्नुभएको थियो । सो अवसरमा उहाँले सिंहदरबार अगाडिको यूएनआई शान्तिमार्गको विकास तथा हरियाली प्रवर्द्धनका लागि ४० लाख रुपैयाँ बराबरको चेक काठमाडौं महानगरपालिकाका कार्यकारी प्रमुख रुद्रसिंह तामाङलाई हस्तान्तरण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिका सभापति डोरप्रसाद उपाध्यायले राष्ट्र र जनताप्रति उत्तरदायी रही आफूलाई एक्लो प्रतिस्पर्धी सावित गर्न सकोस् भन्दै आगामी दिनमा समेत कम्पनीले आर्थिक अनुशासन, सुशासन र पारदर्शितामा कमी आउन नदिने विश्वास व्यक्त गर्नु भएको थियो ।

(बाँकी २ पेजमा)

# उत्कृष्ट कर्मचारी पुरस्कृत



उत्कृष्ट कर्मचारीलाई पुरस्कार वितरण गरिदै

नेपाल टेलिकमको तेह्रौं वार्षिकोत्सवको अवसरमा सूचना तथा सञ्चार मन्त्री सुरेन्द्र कुमार कार्कीले कम्पनीमा उत्कृष्ट कार्य गरेका कर्मचारीलाई नगद पुरस्कार प्रदान गर्नुभयो ।

यसरी पुरस्कृत हुनेहरुमा वायरलाईन तथा ग्राहकसेवा निर्देशनालयका वरिष्ठ इन्जिनियर रन्जित लोहिया, सूचना प्रणाली सहयोगी निर्देशनालयका वरिष्ठ इन्जिनियर राजीव कुमार के.सी., वायरलेस सेवा निर्देशनालयका वरिष्ठ इन्जिनियर शिवराम तुईतुई, आ.ले.प. तथा नि. बिभागका वरिष्ठ लेखा अधिकृत सुनिता बज्राचार्य, IMU इटहरीका इन्जिनियर नरेश चौधरी, दू.सं.का. सिन्धुलीका सहायक प्राविधिक अधिकृत उपेन्द्र राय यादव र क्षे.नि. धनगढीका सहायक प्राविधिक अधिकृत चन्द्रमान पाली हुनुहुन्छ ।

त्यसैगरी दू.सं.का. मुगुका नि. सहायक प्राविधिक अधिकृत कमल प्रसाद के.सी., दू.सं.का. सुन्धाराका बरिष्ठ सहायक तारा प्रसाद कालिका र दू.सं.का. त्रिवेणीका लाईनमेन ओम प्रकाश गुरुङ पनि पुरस्कृत हुनुभएको थियो । पुरस्कृत १० जना कर्मचारीलाई जनही नगद रु. ५० हजार प्रदान गरिएको थियो ।



प्रशंसापत्र वितरण गरिदै

त्यसैगरी कम्पनीमा प्रशंसनीय कार्य गर्ने कर्मचारीहरुलाई संसदको सार्वजनिक लेखा समितिका सभापति डोरप्रसाद उपाध्यायले प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

(बाँकी ३ पेजमा)

*(१ पेजको बाँकी)*

# कम्पनीको तेह्रौं वार्षिकोत्सव ...

कार्यक्रमको सभापतिसमेत रहनु भएका नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष तथा सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरुङ्गले नेपालमा दूरसञ्चार सेवा भित्र्याउन महत्वपूर्ण योगदान गरेकाले पनि कम्पनीप्रति सबैको अपनत्व भएको बताउदै प्रविधिमा भएको परिवर्तनलाई आत्मसात गरी गुणस्तरीय सेवा प्रदान गर्न र यसको बजारीकरण गर्न आगामी दिनमा थप कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष दिगम्बर झाले प्रतिस्पर्धाको बजारमा सधैं सतर्क रहनु पर्ने आवश्यकता औंल्याउदै नवीनतम प्रविधिको माध्यमबाट सेवाग्राहीलाई सन्तुष्टि प्रदान गर्न सुझाव दिनु भएको थियो ।



कार्यक्रममा अतिथिहरु

उक्त अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले सुलभ र उच्च गुणस्तरीय सेवाप्रति बढ्दै गइरहेको ग्राहकवर्गको अपेक्षा र चाहनालाई परिपूर्ति गर्न कम्पनीले दूरसञ्चार र सूचना प्रविधिको क्षेत्रमा नवीनतम प्रविधिमा आधारित उच्चस्तरीय सेवाहरु उपलब्ध गराउँदै जाने, विद्यमान सेवाहरुको विस्तार गर्ने र मुलुकको समग्र उन्नतिमा नै योगदान पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।



चेक हस्तान्तरण गरिंदै



दीर्घ सेवा पदक वितरण गरिंदै

सो अवसरमा उहाँले काठमाडौं र पोखरामा जीएसएम प्रिपेड सेवामा पनि 4G सेवा प्रारम्भ गरेको, जिएसएम मोबाइल सेवामा Call Waiting र Call Forwarding सुविधा र जीएसएम नेटवर्कका सेवाग्राहीहरुलाई रु. २०।- मा ५ दिन Validity भएको 100 MB फेसबुक प्याकेज सुविधा उपलब्ध गराइएको लगायतका विभिन्न प्रकारका अफर तथा छुटको जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा कम्पनीमा निरन्तर २० वर्षभन्दा बढी सेवा गर्ने काठमाडौं क्षेत्र अन्तर्गतका १ सय ३० जना कर्मचारीलाई संसदको विकास समितिका सभापति रविन्द्र अधिकारीले दीर्घसेवा पदक प्रदान गर्नुभएको थियो । वार्षिकोत्सवका अवसरमा कुल २ सय ६३ जना कर्मचारीले सो पदक प्राप्त गरेका थिए ।

## वार्षिकोत्सवको अवसरमा प्रभातफेरी




नेपाल टेलिकमले आफ्नो तेह्रौं वार्षिकोत्सवको अवसरमा कम्पनीका सेवाहरुको प्रचारप्रसार तथा व्यापार प्रबर्द्धन गर्ने उद्देश्यले २०७३ माघ २१ गते प्रभातफेरी कार्यक्रमको आयोजना गऱ्यो ।

काठमाडौं उपत्यकामा आयोजित प्रभातफेरी कार्यक्रम बसन्तपुरबाट प्रारम्भ भई न्यूरोडगेट, वीर अस्पताल, जमल, घण्टाघर, बागबजार, पुतलीसडक, प्रदर्शनीमार्ग र भद्रकाली हुँदै कम्पनीको केन्द्रीय कार्यालय प्राङ्गणमा पुगेर सम्पन्न भएको थियो । सो अवसरमा टेलिकम राष्ट्रको सञ्चार, ग्राहक सेवामा समर्पित, राष्ट्र निर्माण हाम्रो लक्ष्य, नेपाल टेलिकम जनताको टेलिकम, सेवामा विविधता महसुलमा पारदर्शिता जस्ता कम्पनीका सेवाहरुसँग सम्बन्धित विभिन्न नारा अंकित प्लेकार्ड प्रदर्शन गर्नुका साथै सेवासँग सम्बन्धित सामग्रीहरु प्रसारण गरिएको थियो ।

समापन कार्यक्रममा बोल्दै कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले गुणस्तरीय सेवा प्रदान गरी ग्राहक सन्तुष्टि वृद्धि गर्ने कार्यमा एकतावद्ध भई लाग्न सम्पूर्ण कर्मचारीहरुलाई आग्रह गर्नुभयो । प्रभातफेरी कार्यक्रममा कम्पनीका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

प्रभातफेरी कार्यक्रम काठमाडौं उपत्यका बाहिरका कार्यालयहरु तथा क्षेत्रीय निर्देशनालयहरुमा पनि गरिएको थियो ।

*(१ पेजको बाँकी)*

## सबै Series का iPhone सेटमा ...

सो कम्पनीले आगामी मार्च महिनादेखि सो व्यवस्था गर्ने योजना भएको जानकारी गराएको थियो ।

4G/LTE सेवा सञ्चालन भइसकेपछि पनि iPhone का केही Series हरुमा सेवा प्रयोग गर्न नपाउँदा ग्राहकहरुलाई मर्का परेको महसुस गरी नेपाल टेलिकमले निरन्तर रुपमा Apple कम्पनीलाई आग्रह गरेपछि सो कम्पनीको निर्धारित समय अगावै Beta Version Release गरी iPhone का सबै Series का सेटहरुमा 4G/LTE सेवा सञ्चालन गर्न सकिने व्यवस्था गरिदिएको हो ।

iPhone 6, 6+,7, 7+ Series का फोन सेटमा 4G/LTE सेवा सञ्चालन गर्नको लागि Apple कम्पनीको वेवसाइट https://beta.apple.com/ मा उपलब्ध निर्देशन अनुसार आफ्नो फोनको Back up लिई Profile download गर्नुपर्ने हुन्छ । त्यसपछि General >Setting>Software update मा गई Beta Version download गर्न सकिन्छ र iPhone 6 तथा सो माथिका Series मा नेपाल टेलिकमको 4G/LTE सेवा प्रयोग गर्न सकिन्छ ।

नेपाल टेलिकमले २०७३ पौष १७ गतेदेखि नेपालमै पहिलो पटक 4G/LTE सेवा सञ्चालनमा ल्याएको थियो । आरम्भमा काठमाडौं उपत्यका र पोखरा उपत्यकाका पोष्टपेड मोबाइलका ग्राहकहरुका लागि यो सेवा उपलब्ध गराइएको र कम्पनीको वार्षिकोत्सवका अवसरमा २०७३ माघ २२ गतेदेखि काठमाडौं र पोखराका प्रिपेड मोबाइल सेवाका ग्राहकहरुलाई पनि यो सेवा उपलब्ध गराइएको छ ।

# अर्धवार्षिक बजेट समीक्षा सम्पन्न



नेपाल टेलिकमको आर्थिक वर्ष २०७३।०७४ को प्रथम ६ महिनाको बजेट समीक्षा २०७३ फागुन ४ गते केन्द्रीय कार्यालयमा सम्पन्न भएको छ ।

उक्त समीक्षा कार्यक्रममा प्रस्तुत विवरणअनुसार कम्पनीले राजश्व संकलनतर्फ कुल लक्ष्यको ४८ प्रतिशत सफलता हासिल गरेको र व्ययतर्फ पुँजीगत खर्चको २१.०३ प्रतिशत खर्च भएको छ भने सञ्चालन खर्चतर्फ कुल लक्ष्यको ३४.३१ प्रतिशत खर्च भएको छ । कम्पनीका प्रमुख सेवाहरु वितरणतर्फ एडिएसएलमा १०३ प्रतिशत, जिएसएममा ६९ प्रतिशत, सिडिएमएमा ५० प्रतिशत, पिएसटिएनमा ४५ प्रतिशत, एफटिटिएचमा १५ प्रतिशत र वाइम्याक्स सेवामा ९ प्रतिशत प्रगति भएको छ ।

समीक्षा कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले चालु आर्थिक वर्षमा सञ्चालित आयोजनाहरु निर्धारित अवधिमा नै सम्पन्न गर्न, सेवाको विस्तार एवं गुणस्तर सुधार गर्न र राजश्व बृद्धिमा कम्पनीका सम्पूर्ण कर्मचारीको ध्यान केन्द्रित हुनुपर्ने बताउनु भयो । उहाँले आगामी दिनमा 4G र FTTH जस्ता डाटा सेवालाई विशेष प्राथमिकता दिएर यसको विस्तार कार्यमा जोड दिइनुपर्ने बताउनु भयो ।

सो कार्यक्रममा कम्पनीका प्रमुख वित्तीय अधिकृत सुर्यभक्त पोखरेलले कम्पनीको अर्धवार्षिक प्रगती विवरण प्रस्तुत गर्दै कम्पनीले हालसम्म आफ्नो लक्ष्य अनुरुपको सफलता हासिल गरिरहेको र कम्पनीको बजेट तथा कार्यक्रमलाई लक्ष्योन्मुख बनाउन सम्बन्धित सबैको सहयोग आवश्यकता रहेको बताउनु भयो । कार्यक्रममा कम्पनीमा क्रियाशील बिभिन्न ट्रेड युनियनका प्रतिनिधिहरुले बजेट समीक्षा कार्यक्रममा औंल्याइएका कमी कमजोरीहरु सुधार गर्न आग्रह गर्दै कम्पनीको लक्ष्य प्राप्तीका लागि कर्मचारी युनियन सधैं सहयोगी रहने बताउनु भयो ।

उक्त समीक्षा कार्यक्रममा कम्पनीका विभिन्न विभाग तथा निर्देशनालयका प्रमुखहरुले ६ महिनाको भौतिक तथा वित्तीय प्रगती र गर्नुपर्ने कार्यहरु सम्बन्धमा आआफ्ना धारणा प्रस्तुत गर्नुभएको थियो ।

## सञ्चारमन्त्रीबाट दू.सं.का. पोखराको निरीक्षण

सूचना तथा सञ्चार मन्त्री सुरेन्द्रकुमार कार्कीले गत पौष २२ गते दुरसञ्चार कार्यालय पोखराको निरीक्षण भ्रमण गरी विभिन्न निर्देशन दिनुभएको छ ।

भ्रमणका क्रममा उहाँले एक सय वर्षको गौरवपूर्ण इतिहास बोकेको यस कम्पनीले अवका दिनमा भ्वाइसलाई भन्दा डाटा सेवालाई बढी जोड दिनुपर्ने र सेवाको गुणस्तर बृद्धि गरी ग्राहक गुनासो न्युनिकरण गर्दै लानुपर्ने बताउनु भयो । नेपाल टेलिकमले मुलुकका अति दुर्गम स्थानहरुमा समेत सेवाको विस्तार गरी शहर र गाउँका बीच रहेको खाडल कम गर्न योगदान गरेको बताउँदै उहाँले दूरसञ्चार सेवाको सदुपयोग गर्न उपभोक्ताहरुलाई सुसूचित गर्ने कार्यमा पनि अघि सर्नुपर्ने बताउनु भयो ।

उक्त अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले ग्राहक सन्तुष्टि कम्पनीका लागि सबैभन्दा ठूलो कुरा भएकाले हाम्रो सेवा उपभोग गर्ने तथा ग्राहक सेवा केन्द्रमा आउने हरेक सेवाग्राहीलाई सन्तुष्ट पारेर पठाउने कार्यलाई कम्पनीका कर्मचारीहरुले अवका दिनमा थप प्राथमिकता दिनुपर्ने बताउनु भयो । उहाँले वर्तमान प्रतिस्पर्धात्मक अवस्थामा कम्पनीका सम्पूर्ण कर्मचारीहरु एक भई सकारात्मक सोचका साथ कार्यशैली परिवर्तन गरेर अघि बढ्नुपर्ने बताउनु भयो ।

सो अवसरमा दूरसञ्चार कार्यालय पोखराका प्रमुख नरेशकाजी शाक्यले उक्त कार्यालय अन्तर्गत सञ्चालित कम्पनीका सेवाहरुका बारेमा जानकारी दिँदै पोखरा नगर क्षेत्रका महत्वपूर्ण व्यापारिक केन्द्रहरुमा हालै 4G सेवा विस्तार गरिएको जानकारी गराउनु भएको थियो ।

(१ पेजको बाँकी)

## उत्कृष्ट कर्मचारी ...

यसरी प्रशंसापत्र प्राप्त गर्ने कर्मचारीहरुमा सूचना प्रणाली सहयोगी निर्देशनालयका प्रबन्धक विनिता श्रेष्ठ, वायरलेस सेवा निर्देशनालयका प्रवन्धक मिनु प्रधान, प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका प्रबन्धक प्रतिभा वैद्य, क्षे.नि. धनगढीका नि. निर्देशक अमुल प्रधान, सूचना प्रणाली सहयोगी निर्देशनालयका वरिष्ठ इन्जिनियर सरोज प्रधान, पदपूर्ति सचिवालयका वरिष्ठ प्रशासकीय अधिकृत विष्णु प्रसाद पन्थ, वायरलाईन तथा ग्राहक सेवा निर्देशनालयका वरिष्ठ इन्जिनियर रोशन भक्त श्रेष्ठ एवम् प्रबन्ध निर्देशकको कार्यालयका वरिष्ठ इन्जिनियर नरेन्द्र कृष्ण च्वामु श्रेष्ठ हुनुहुन्छ ।

त्यसैगरी प्रशंसापत्र प्राप्त गर्ने अन्य कर्मचारीहरुमा व्याकवोन ट्रान्समिसन निर्देशनालयका इन्जिनियर पुरुषोत्तम श्रेष्ठ, व्याकवोन ट्रान्समिसन निर्देशनालयका प्राविधिक अधिकृत रामदत्त पन्त, दू.सं.का पोखराका व्यापार अधिकृत राजेश रेग्मी, प्रमुख वित्तीय अधिकृतको कार्यालयका लेखा अधिकृत कृष्माखर न्यौपाने, कम्पनी सचिवालयका प्रशासकीय अधिकृत (कानून) पिताम्वर भण्डारी, क्षे.नि. वीरगन्जका सहायक लेखा अधिकृत प्रेमचन्द्र मिश्र, मानव संसाधन बिभागका वरिष्ठ सहायक कृष्ण प्रसाद पराजुली, दूरसञ्चार तालिम केन्द्रका वरिष्ठ सहायक सुदिप आचार्य र क्षे.नि. बिराटनगरका वरिष्ठ सहायक नवीन ओझालगायत १७ जना कर्मचारी हुनुहुन्थ्यो ।

## सम्मान कार्यक्रम

नेपाल टेलिकमले आफ्नो तेह्रौं वार्षिकोत्सवको अवसरमा आर्थिक वर्ष २०७२/७३ मा काठमाडौं क्षेत्र अन्तर्गत कम्पनीका सेवाहरुको सबैभन्दा बढी कारोबार गर्ने विक्रेताहरु र बढी बिल भुक्तानी गर्ने ग्राहकहरुलाई सम्मान गऱ्यो ।

कम्पनीको तर्फबाट उहाँहरुलाई काठमाडौं क्षेत्रीय निर्देशनालयका निर्देशक श्यामप्रसाद शुक्ला अधिकारी, प्रमुख मानव संशाधन अधिकृत रविन्द्र झा, प्रमुख प्राविधिक अधिकृत लोचनलाल अमात्य र प्रमुख व्यावसायिक अधिकृत प्रदीपराज उपाध्यायले एक कार्यक्रमका बीच सम्मान गर्नुभएको थियो ।



पुरस्कृत ग्राहकहरु र कम्पनीका पदाधिकारीहरु

सो अवसरमा कम्पनीका रिचार्ज कार्ड, MPoS, ERC/SIM/RUIM कार्डको सबैभन्दा बढी कारोबार गर्ने बिक्रेताहरु : भी कार्ड कन्सर्न, कन्टिनेन्टल मार्केटिङ प्रा.लि., एफ वान इन्टरनेसनल प्रा.लि., सक्सेस युनाइटेड प्रा.लि., सनलाइट मल्टिपर्पोज प्रा.लि., त्रियोग स्टेशनरी सप्लायर्स र टकटाइम ट्रेडिङ प्रा.लि.लाई सम्मान गरिएको थियो ।



पुरस्कृत बिक्रेताहरु तथा कम्पनीका पदाधिकारीहरु

त्यस्तैगरी व्यक्तिगततर्फ सबैभन्दा बढी बिल भुक्तानी गर्ने जीएसएम पोष्टपेडमा साजनमान जोशी, सीडीएमए पोष्टपेडमा अशोकनाथ योगी, ल्यान्डलाइनमा रमेश सापकोटा, एडीएसएलमा राजेन्द्र सिंह भण्डारी र वाइम्याक्समा योजेन्द्र पुन सम्मानित हुनुभएको थियो । त्यसैगरी संस्थागततर्फ सबैभन्दा बढी बिल भुक्तानी गर्ने जीएसएम पोष्टपेडमा सूर्य नेपाल प्रा.लि., सीडीएमए पोष्टपेडमा कारागार कार्यालय चितवन, ल्यान्डलाइनमा ग्रान्डी इन्टरनेसनल हस्पिटल धापासी, एडीएसएलमा नापी कार्यालय डिल्लीबजार र वाइम्याक्समा सीई कन्स्ट्रक्सन प्रा.लि. त्रिपुरेश्वरलाई सम्मान गरिएको थियो ।

सो अवसरमा काठमाडौं क्षेत्रीय निर्देशनालयका निर्देशक श्यामप्रसाद शुक्ला अधिकारीले कम्पनीका सेवाहरुको बिक्री वितरणमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै बिक्रेताहरुको सुझाव समेतका आधारमा योजना बनाई कार्यान्वयन गर्ने तयारी भएको बताउनु भयो ।

सम्मानित हुनेहरुका तर्फबाट भक्तराज भट्टराई र अशोकनाथ योगीले वर्तमान प्रतिस्पर्धात्मक अवस्थामा सेवाग्राहीलाई समेत मोडलको रुपमा स्थापित गर्न सकिने बताउदै अर्बौको कारोबार गर्ने बिक्रेताहरुसँग सहकार्य गर्न अलि फराकिलो दृष्टिकोणका साथ अगाडि बढ्न सुझाव दिनुभयो ।

# अतिरिक्त क्रियाकलाप



विजयी खेलाडीलाई पुरस्कार वितरण

कम्पनीले १३औं वार्षिकोत्सवका अवसरमा अतिरिक्त क्रियाकलाप अन्तर्गत रक्तदानलगायत विविध कार्यक्रमको आयोजना गरेको थियो । सो कार्यक्रममा ८० जनाले रक्तदान गरेको र रक्तदान कार्यक्रमका संयोजकलाई वार्षिकोत्सव समारोहमा सूचना तथा सञ्चारमन्त्री सुरेन्द्र कुमार कार्कीले एकमुष्ट प्रमाणपत्र हस्तान्तरण गर्नुभएको थियो ।

यस्तैगरी कर्मचारीहरुको प्रतिभा उजागर गर्दै मनोबल वृद्धि गर्न अतिरिक्त क्रियाकलाप अर्न्तगत टेवल टेनिस, ब्याडमिण्टन, चेश, हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरिएको थियो । प्रतियोगिताका विजयीहरुलाई कम्पनीका प्रमुख प्राविधिक अधिकृत लोचनलाल अमात्य, प्रमुख मानव संशाधन अधिकृत रविन्द्र झा र प्रमुख व्यावसायिक अधिकृत प्रदीपराज उपाध्यायले एक कार्यक्रमका बीच पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

उक्त अवसरमा अतिरिक्त क्रियाकलाप समितिका अध्यक्ष तथा प्रमुख मानव संशाधन अधिकृत रविन्द्र झाले आगामी दिनमा अझ व्यवस्थित रुपमा अतिरिक्त क्रियाकलापको आयोजना गर्ने बताउँदै विजेताहरुलाई बधाई तथा कार्यक्रम संयोजकहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

# क्यान इन्फोटेकमा कम्पनीको सहभागिता

नेपाल टेलिकमले माघ १३ देखि १८ गतेसम्म राजधानीको भृकुटीमण्डपमा आयोजित क्यान इन्फोटेक २०१७ मा सहभागी भई कम्पनीका विभिन्न सेवाहरुको व्यावसायिक प्रबर्द्धन तथा बिक्री वितरण गर्‍यो ।

कम्पनीले आफ्नो प्रदर्शन कक्षमार्फत रु. ५०।- मा त्यति नै रकम बराबर कल गर्न सकिने सिमकार्ड र रिमकार्ड उपलब्ध गराएको थियो । त्यसैगरी CDMA प्रविधिको वायरलेस राउटरसमेत सो कक्षबाट उपलब्ध गराइएको थियो । रु. ५,९००।- मा उपलब्ध हुने उक्त वायरलेस राउटरमार्फत ५ जिबी डाटा ३ महिनासम्मका लागि निःशुल्क उपलब्ध गराएको थियो ।

उक्त अवसरमा कम्पनीले हालै सञ्चालनमा ल्याएको 4G प्रविधिलगायत कम्पनीका अन्य सेवाका बारेमा आगन्तुकहरुलाई जानकारी दिनुका साथै सेवा बिक्रीको व्यवस्थासमेत गरिएको थियो ।




मेलामा उपस्थित हुने अधिक सेवाग्राहीलाई एकैचोटी मोबाइल सेवा प्रयोग गर्न सहज होस् भन्ने उद्देश्यले कम्पनीले आफ्नो BTS भ्यानसमेत राखेको थियो । कम्पनीका सेवाहरुको प्रचार प्रसार एवं व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले कम्पनी सो मेलामा सहभागी भएको हो । नेपाल टेलिकम क्यान इन्फोटेक २०१७ को Diamond Sponsor समेत रहेको थियो ।

# बार्षिकोत्सवको अवसरमा विभिन्न सेवामा छुट

कम्पनीको तेह्रौं वार्षिकोत्सवको अवसरमा सेवाग्राहीहरुलाई विभिन्न सेवाहरुमा निम्नानुसार छुटको घोषणा गरिएको थियो :

१. २०७३ माघ २२ देखि २०७३ फाल्गुन ७ गते सम्म निम्नानुसार सेवा उपलब्ध गराइएको :

क) GSM prepaid सेवाग्राहीलाई 4G सेवा Subscription सँगै एक पटकका लागि प्रति दिन 100 MB का दरले ४ दिन निःशुल्क 400 MB डाटा उपलब्ध गराइएको ।

ख) CRBT सेवामा माघ २२ गतेदेखि प्रतिदिन एक वटा गीतका दरले र प्रत्येक गीतको Validity १० दिनसम्म हुने गरी १५ दिनसम्म निःशुल्क सेवा उपलब्ध गराइएको ।

ग) GSM नेटवर्कका सेवाग्राहीलाई रू. २०/- मा ५ दिन Validity भएको १००MB Facebook Package उपलब्ध गराइएको ।

घ) GSM/CDMA नेटवर्कका prepaid/postpaid सेवाग्राहीलाई सहुलियत दरमा नयाँ Data Package अन्तर्गत निम्न सुविधा उपलब्ध गराइएको :

- GSM Night Data Package अन्तर्गत राती १० बजेदेखि बिहान ६ बजे सम्म ५०० MB डाटा रु.४० मा तथा १२०० MB डाटा रु. ८५ मा उपलब्ध गराइएको र डाटा Package को Validity क्रमश: ७ तथा १५ दिनको रहने व्यवस्था गरिएको ।
- GSM डाटा offer अन्तर्गत रु. १३० मा ७ दिन Validity सहितको २०० MB डाटामा २०० MB नै बोनस र रु. ३०० मा १५ दिनको Validity सहितको ५०० MB डाटामा ५०० MB नै बोनस उपलब्ध गराइएको ।
- CDMA डाटा offer अन्तर्गत रु. ७५ मा ७ दिन Validity सहितको २०० MB डाटामा २०० MB नै बोनस र रु. १७५ मा १५ दिनको Validity सहितको ५०० MB डाटामा ५०० MB नै बोनस उपलब्ध गराइएको ।

२. २०७३ माघ २२ देखि NTPro सेवा प्रयोग गर्ने सेवाग्राहीलाई आगमन कलको दरमा ५० प्रतिशत छुट उपलब्ध गराई नयाँ दर रु ३/- प्रति मिनेट कायम गरिएको ।

३. २०७३ माघ २३ देखि २०७३ माघ २५ सम्म ३ दिन GSM/CDMA Prepaid का सेवाग्राहीहरुलाई सबै Recharge Card र MPOS Denomination को रिचार्जमा ३ दिन Validity सहितको Bonus रकम उपलब्ध गराइएको ।

क) रु ५०, रु १०० र रु २०० को प्रत्येक recharge मा १० % Bonus.

ख) रु. ५०० र रु. १००० को प्रत्येक recharge मा १५% Bonus उपलब्ध गराइएको ।

४. Easy Phone SIP Account बाट Easy phone SIP Account मा हुने कल २०७३ फागुन १ गतेदेखि ३ महिनाको लागि निःशुल्क गरिएको ।

- Easy Phone बाट नेपाल टेलिकमका PSTN/GSM/CDMA नम्बरहरुमा समेत Call गर्न सक्ने व्यवस्था गरी २०७३ फागुन १ गतेदेखि ३ महिनाको लागि सो कलमा हालको दर रु ६ प्रति मिनेटमा ५०% छुट उपलब्ध गराउने व्यवस्था गरिएको ।
- २०७३ फागुन १ देखि २०७४ बैशाख ३१ सम्म नयाँ ADSL तथा FTTH ग्राहकहरुलाई निःशुल्क SIP Account उपलब्ध गराउने व्यवस्था गरिएको ।

५. २०७३ फाल्गुन १ गतेदेखि लागू हुने गरी केही सेवाको दर निम्नानुसार कायम गरिएको छ :

क) Unlimited ADSL Package को साविक मासिक शुल्क दरमा Bandwidth मा स्तरोन्नति गरिएको छ । १९२ kbps को साबिक मासिक मूल्य रु ९०० मा २५६ kbps, ३८४ kbps को साबिक मासिक मूल्य रु.१५०० मा ५१२ kbps र ५१२ kbps को साबिक मासिक मूल्य रु.२७०० मा ७६८ kbps Bandwidth उपलब्ध गराइने ।

ख) इन्टरनेट/इन्ट्रानेट लिज सेवाको मासिक Port Charge रु. ५०० बाट नयाँ मासिक शुल्क रु १००, Copper Lease Access Charge रु. ५०० बाट रु २०० र Optical Lease Access Charge रु. १००० बाट रु ३०० कायम गरिएको ।

६. आधारभूत टेलिफोन सेवातर्फ Landline टेलिफोन सेवाका सेवाग्राहीहरुलाई २०७३ फागुन महिनाको मासिक Rental Charge मा थप २५ कल निःशुल्क प्रदान गर्ने व्यवस्था गरिएको ।

# अस्पतालहरूमा विभिन्न सहयोग सामग्री हस्तान्तरण



प्रसूति गृहमा शिशुका लागि कम्बल वितरण गरिदै



गंगालाल हृदय केन्द्रमा मोबाइल चार्जिङ् स्टेशन हस्तान्तरण



ह्विल चेयर हस्तान्तरण गरिदै

नेपाल टेलिकमले तेह्रौं वार्षिकोत्सवको अवसरमा विभिन्न अस्पतालका विरामीलाई आवश्यक पर्ने सामग्रीहरु सहयोगस्वरुप उपलब्ध गराएको थियो ।

कम्पनीले काभ्रेको साँगास्थित स्पाइनल इन्जुरी पुनर्स्थापना केन्द्र, बैतडी र भक्तपुरको चाइल्ड केयर सेन्टरलाई ह्विलचेयर उपलब्ध गराएको थियो । त्यसैगरी काठमाडौंको प्रसूति गृहमा १ सय ५० थान र पाटन अस्पतालमा नवजात शिशुका लागि १ सय थान कम्बल हस्तान्तरण गरिएको थियो । वीर अस्पताल र गंगालाल हृदय केन्द्रका विरामीहरुका लागि सय/सय थान कम्बल हस्तान्तरण गरिएको थियो भने वीर अस्पताल र गंगालाल हृदय केन्द्रमा सेवाग्राहीहरुको सुविधाका लागि एक/एक थान मोबाइल चार्जिङ स्टेसन समेत उपलब्ध गराइएको थियो ।

सो हन्तान्तरण कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारी, नायब प्रबन्ध निर्देशकहरु, निर्देशकहरु र अन्य वरिष्ठ अधिकृतहरुका साथै कम्पनीमा क्रियाशील ट्रेड युनियनका अध्यक्षहरु समेतको उपस्थिति रहेको थियो ।

प्रबन्ध निर्देशक राजभण्डारीले कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वार्षिकोत्सवको अवसरमा यस प्रकारको सहयोग गरेको र यसबाट अस्पतालका सेवाग्राहीलाई केही मात्रामा भए पनि सहयोग पुग्ने अपेक्षा गरेको बताउनु भएको थियो । सम्बद्ध अस्पताल व्यवस्थापनले सो सहयोगको सराहना गर्दै आगामी दिनमा समेत सहयोगको निरन्तरताको अपेक्षा गरेको बताएका थिए ।

## बाग्मती सफाइ महाअभियानमा नेपाल टेलिकम



नेपाल टेलिकम आफ्नो तेह्रौं वार्षिकोत्सवको अवसरमा कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत २०७३ माघ १५ गते बाग्मती सफाइ महाअभियानमा सहभागी भयो । सो अवसरमा कम्पनीले सफाइ अभियानका लागि आवश्यक सफाइ सामग्रीहरु पनि सहयोगस्वरुप हस्तान्तरण गरेको थियो ।

काठमाडौंको सुविधानगर तीनकुनेस्थित बाग्मती नदी किनारमा आयोजित कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले सफाइ कार्यका लागि आवश्यक विभिन्न सामग्रीहरु हस्तान्तरण गर्नुभएको थियो । उक्त सामग्रीहरु बाग्मती सफाइ महाअभियानका अभियन्ता किशोर थापामार्फत अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिलाई हस्तान्तरण गरिएको थियो । उक्त अवसरमा अभियन्ताहरुका लागि आवश्यक सफाइ सामग्रीहरु : १ सय थान ट्र्याक सुट, ३ सय जोर गम बुट, ३ सय थान पञ्जा, ५० थान डोको, ५० थान फोहोर तान्ने सुइरो र २ सय थान मास्क हस्तान्तरण गरिएको थियो ।

सो अवसरमा प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले नदीनाला र हरियाली मानव जीवनको अभिन्न अङ्ग भएकाले बाग्मती नदीको संरक्षण, सबर्द्धन गर्नुपर्ने आवश्यकता महसुस गरी नेपाल टेलिकम यस कार्यमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा निरन्तर संलग्न रहेको बताउनु भएको थियो । उहाँले यसै आर्थिक वर्षभित्र बाग्मती नदी किनारामा दुई वटा शौचालय निर्माण सम्पन्न गर्ने बताउँदै भविष्यमा पनि बाग्मती सफाइ अभियानमा सहयोग र सहभागिता भइरहने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

उक्त अवसरमा बाग्मती सफाइ अभियन्ता डा. राजु अधिकारीले नेपाल टेलिकमले सुरुवातदेखि नै बाग्मती सफाइ अभियानका लागि निरन्तर रुपमा गर्दै आएको सहयोग र सहभागिताका लागि धन्यवाद दिदै आगामी दिनमा समेत कम्पनी यो कार्यमा संलग्न रहने विश्वास व्यक्त गर्नुभयो ।

सफाइ अभियान सुरु हुनु अघि कम्पनीमा कार्यरत कर्मचारीहरु बबरमहलस्थित दूरसञ्चार तालिम केन्द्रमा भेला भई लामबद्ध रुपमा ब्यानर तथा प्लेकार्ड प्रदर्शन गर्दै तीनकुनेनिकट सफाइ स्थलमा पुगेका थिए ।

बाग्मती नदीको सफाइ, स्वच्छता र संरक्षण एवं बाग्मती सभ्यताको प्रवर्द्धनको लागि २०७० जेठ ५ गतेदेखि हरेक शनिबार यो अभियान सञ्चालन हुँदै आइरहेको छ र कम्पनीले नि:शुल्क एसएमएस सेवा उपलब्ध गराउनका साथै सफाइ अभियानमा पनि सहभागी भइरहेको छ ।

## लिज सेवाको महसुल कटौती

नेपाल टेलिकमले ग्राहकहरुलाई सहुलियतपूर्ण दूरसञ्चार सेवा उपलब्ध गराउने सन्दर्भमा २०७३ माघ १ गतेदेखि इन्टरनेट तथा इन्ट्रानेट लिज सेवाको महसुल दरमा निम्नानुसार कटौती गरेको छ :

**१. Internet Lease सेवाको महशुल दर :**

| Bandwidth | पुरानो महशुल दर प्रति महिना रू. | नयाँ महशुल दर प्रति महिना रू. |
|---|---|---|
| २५६ Kbps | रु. २,५००।– | रु. १,८००।– |
| ५१२ Kbps | रु. ५,०००।– | रु. ३,०००।– |
| १–१० Mbps | १–४ Mbps को रु. ८,०००।– प्रति Mbps<br>५–१० Mbps को रु. ७,५००।– प्रति Mbps | रु. ४,२००।– प्रति Mbps |
| ११–१०० Mbps | रु. ७,०००।– प्रति Mbps | रु. ४,०००।– प्रति Mbps |
| १०० Mbps | रु. ६,०००।– प्रति Mbps | रु. ३,८००।– प्रति Mbps |

*खरिद गरेको क्षमताको दुई गुणा क्षमतामा Local Content Surf गर्न सकिने छ ।

**२. Intranet Lease सेवाको महशुल दर :**

| Bandwidth | पुरानो महशुल दर प्रति महिना रू. | नयाँ महशुल दर प्रति महिना रू. |
|---|---|---|
| २५६ Kbps | रु. १,५००।– | रु. १,०००।– |
| ५१२ Kbps | रु. ३,०००।– | रु. १,८००।– |
| १–१० Mbps | १–४ Mbps को रु. ६,०००।– प्रति Mbps<br>५–१० Mbps को रु. ५,५००।– प्रति Mbps | रु. ३,२००।– प्रति Mbps |
| ११–१०० Mbps | रु. ५,०००।– प्रति Mbps | रु. २,८००।– प्रति Mbps |
| १०० Mbps | रु. ५,०००।– प्रति Mbps | रु. २,५००।– प्रति Mbps |

**३. व्यक्तिगत (Residential) ग्राहकहरूलाई १–२ Mbps सम्मको Fiber Internet Lease सेवा उपलब्ध छ ।**

**४. १00 मिटर Fiber Cable नि: शुल्क ।**

**५. 1 Mbps (Unlimited) ADSL सेवा रू. ३,५00।– प्रति महिना ।**

उक्त महशुल दर मिति २०७३ माघ १ गते देखि लागू हुनेछ ।

*उपरोक्त महशुल दरमा कर समावेश नभएको ।

## प्रणय दिवसमा अफर

नेपाल टेलिकमले प्रणय दिवसका अवसरमा कम्पनीको जीएसएम सेवाका ग्राहकहरुका लागि रु २५ मा २५० मिनेटको टक टाइम भएको नाइट भ्वाइस प्याकेज अफर ल्याएको छ । २०७३ फागुन ३ देखि फागुन १७ गतेसम्म लागू रहने यो प्याकेजको अवधि (Validity Period) ग्राहकले Subscribe गरेको मितिबाट ७ दिनसम्म रहनेछ । यो अफर अन्तर्गत लिएको प्याकेजको उपयोग राती १० बजे देखि बिहान ६ बजेसम्म गर्न सकिनेछ । यो प्याकेज लिनका लागि : VDAY टाइप गरी १४१५ मा SMS गर्नुपर्ने छ ।

सोही अवसरमा हरेक जीएसएम तथा सीडीएमए प्रिपेड सीम तथा रीमको खरिदमा अर्को त्यस्तै सीम वा रीम नि:शुल्क उपलब्ध गराउने व्यवस्था गरिएको थियो । फागुन ३ गतेदेखि ५गतेसम्म लागू रहेको यो अफरमा सीम वा रीममा रु. ५० बराबरको टक टाइम उपलब्ध गराइएको थियो ।

# CRTB मा सम्पूर्ण मोबाइल सेवाको आबद्धता

नेपाल टेलिकमको GSM Postpaid मोबाइल सेवा Convergent Real-Time Billing System (CRTB) मा Migration भए पश्चात कम्पनीको Wireless सेवाको एकीकृत बिलिङ तथा ग्राहक सेवा पूर्णरुपले CRTB & CS सिस्टममा आवद्ध भएको छ ।

यसको साथसाथै CRM (Customer Relationship Management) पनि Prepaid तथा Postpaid सेवाहरुको लागि पूर्ण रुपमा सञ्चालनमा आएको छ । यसबाट सम्पूर्ण वायरलेस सेवा एकै सिस्टम र तदनुरूप एकै काउन्टरबाट प्रदान गर्न सकिने भएको छ । उक्त CRTB सिस्टममा स्थानीय टेलिफोन र एडीएसएल सेवाको पनि आवद्धताको लागि कार्य भैरहेको छ ।

**ITMS सञ्चालन**

कम्पनीले इन्टरनेट सेवाको विविधिकरणको प्रयासस्वरूप खरिद गरेको Internet Traffic Management System (ITMS) को जडान र परिक्षण पश्चात GSM Mobile Data सेवाको पूर्ण आवद्धतासहित व्यावसायिक सञ्चालनमा आएको छ ।

उक्त ITMS कम्पनीको इन्टरनेट तथा Data सेवामा साविकको Bandwidth वा Data Volume को आधारमा मात्र Packaging गर्न सकिने अवस्थालाई परिवर्तन गरी उक्त Data सेवा मार्फत ग्राहकले उपयोग गर्ने Content वा निश्चित सेवा र सुविधाको आधारमा Packaging गर्न सकिने भएकोले डाटा सेवामा उल्लेख्य विविधिकरण एवं सोबाट थप राजश्व आर्जन गर्न सकिनेछ । साथै यसबाट इन्टरनेट डाटा सेवालाई अत्याधुनिक एवं प्रतिस्पर्धी बनाउन समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

यस्तैगरी नयाँ CRBT सिस्टम अन्तर्गत GSM र CDMA सेवाका ग्राहकहरुलाई RBT सेवा Subscribe, Un-subscribe तथा Different Song-Wise Charging को लागि Convergent Billing मा आवश्यक तयारी पूरा भई माघ २२ गतेबाट नयाँ CRBT सिस्टम सञ्चालनमा ल्याइएको छ ।

# छिनेडाँडामा कम्पनीको नयाँ एक्सचेञ्ज




सूचना तथा सञ्चार मन्त्री सुरेन्द्र कुमार कार्कीले २०७३ पौष २४ गते पोखरा उपमहानगरपालिका वार्ड नं १८ स्थित छिनेडाँडामा नेपाल टेलिकमको MSAG एक्सचेञ्जको उद्घाटन गर्नुभयो । उहाँले पुम्दीभुम्दीका स्थानीय राजु क्षत्रीलाई टेलिफोन गरी तथा इन्टरनेटमा भिडियो प्ले गरी सो एक्सचेञ्जको उद्घाटन गर्नुभएको हो ।

सो अवसरमा उहाँले पोखरा नगरलाई स्मार्ट सिटी बनाउने कार्यमा नेपाल टेलिकम मार्फत सरकारले सहयोग गर्ने बताउनु भयो । नेपाल टेलिकमसँग बलियो पूर्वाधार र दक्ष जनशक्ति भएकाले यहाँका कर्मचारीलाई प्रोत्साहित गरेमा राम्रो परिणाम आउन सक्ने बताउनु भयो ।

सो अवसरमा संसदीय विकास समितिका सभापति रविन्द्र अधिकारीले उक्त क्षेत्रमा छोटो समयमा एक्सचेन्ज स्थापना गरी टेलिफोन सेवा वितरण गर्ने व्यवस्था मिलाएकोमा नेपाल टेलिकमलाई धन्यवाद दिँदै नेपाल टेलिकमले नाफा हुने क्षेत्रमा कमाएर दुर्गम र विकट भेगमा सेवा विस्तार गरिरहेको बताउनु भयो । उहाँले पोखरा नगरलाई वाइफाइ फ्रि Zone को रुपमा विकास गर्न कम्पनीले सहयोग गर्नुपर्ने र त्यसका लागि स्थानीय बासिन्दाको पनि केही योगदान हुनुपर्ने बताउनु भयो ।

उक्त अवसरमा बोल्दै नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले नेपाल टेलिकम व्यावसायिक संस्था मात्र नभएर सामाजिक उत्तरदायित्व बहन गर्दै देशको आर्थिक, सामाजिक क्षेत्रमा समेत योगदान गर्ने कम्पनी भएको बताउनु भयो । उहाँले एक्सचेञ्जको समुद्घाटनका अवसरमा रु. ५० बराबरको टक भ्यालु रहेको नि:शुल्क सिम वितरण गरिएको समेत जानकारी दिनुभयो ।

उक्त अवसरमा दूरसञ्चार कार्यालय पोखराका प्रमुख नरेशकाजी शाक्यले अतिथिहरुको स्वागत गर्दै सो एक्सचेञ्जको क्षमता ७३६ लाइन रहेको तथा माग अनुरुप लाइन थप गर्दै लान सकिने सुविधा पनि रहेको जानकारी दिनुभयो । सो एक्सचेञ्जबाट हाललाई टेलिफोन, इन्टरनेट तथा फ्याक्स सुविधा लिन सकिने र त्यसपछि आवश्यकता अनुसार टेलिभिजन तथा मल्टिमिडियाको सुविधा पनि लिन सकिन उहाँले जानकारी दिनु भयो ।

नेपाल टेलिकम पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयका निर्देशक सिद्ध प्रताप भारतीले कुनै बेला सम्पन्न वर्गले मात्र उपभोग गर्ने टेलिफोन सेवा हाल आधारभूत आवश्यकताको वस्तुका रुपमा परिणत भएको र यस सेवालाई जनता समक्ष पुऱ्याउने कार्यमा नेपाल टेलिकमले भूमिका निर्वाह गरिरहेको बताउनु भयो । उहाँले स्थानीय उपभोक्ताहरुले उपलब्ध टेलिफोन सेवा प्राप्त गरेर लाभ लिन समेत आग्रह गर्दै एक्सचेञ्ज स्थापनाका लागि सहयोग गरेकोमा स्थानीय 'समाज सुधार आमा समूह'लाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उक्त अवसरमा सो क्षेत्रका सभासद शारदा पौडेल, कम्पनीका प्रमुख व्यावसायिक अधिकृत प्रदीपराज उपाध्याय, स्थानीय बासिन्दा, व्यावसायी, समाजसेवीलगायत कम्पनीका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# वार्षिकोत्सवको अवसरमा खुल्ला दौड प्रतियोगिता



नेपाल टेलिकमले तेह्रौं वार्षिकोत्सवको अवसरमा खुल्ला दौड प्रतियोगिता आयोजना गऱ्यो । गत माघ १६ गते आयोजित उक्त प्रतियोगितामा पुरुष १० किलोमिटर दौडतर्फ नेपाली सेनाका हरि कुमार रिमाल तथा महिला ५ किलोमिटर दौडतर्फ नेपाली सेनाकै बिश्वरुपा बुढाले प्रथम स्थान हासिल गरेका थिए ।

हरि कुमार रिमालले निर्धारित दूरी ३४ मिनेट २७ सेकेन्डमा पूरा गरी प्रथम स्थान हासिल गरेका थिए भने नेपाली सेनाकै टीकाराज कटुवाल र रामजी बस्नेतले क्रमश: ३४ मिनेट ४५ सेकेन्ड र ३५ मिनेट ०३ सेकेन्डमा पूरा गरी द्वितीय तथा तृतीय स्थान हासिल गरेका थिए ।



यस्तै महिला ५ किलोमिटर दौड प्रतियोगितामा नेपाली सेनाकी बिश्वरुपा बुढाले १७ मिनेट ५४ सेकेन्डमा निर्धारित दूरी पूरा गरिन् । नेपाली सेनाकै लक्ष्मी पाण्डे र सरस्वती भट्टराईले क्रमश: १८ मिनेट २१ सेकेन्ड र १८ मिनेट ३६ सेकेन्डमा निर्धारित दूरी पूरा गरी क्रमश: द्वितीय र तृतीय स्थान हासिल गरेका थिए ।

दशरथ रंगशालामा सम्पन्न समापन समारोहमा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले बिजयी खेलाडीहरुलाई नेपाल टेलिकम ट्रफी तथा मेडल प्रदान गर्नु भयो । उक्त अवसरमा नेपाल टेलिकम अतिरिक्त क्रियाकलाप समितिका अध्यक्ष तथा प्रमुख मानव संशाधन अधिकृत रविन्द्र झाले दुबै दौड प्रतियोगिताका विजयी खेलाडीहरुलाई क्रमश: रु. ३० हजार, २० हजार र १० हजार नगदसहित प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

सो अवसरमा प्रबन्ध निर्देशक राजभण्डारीले खेलकुद मानव जीवनको अभिन्न अङ्ग भएको उल्लेख गर्दै दूरसञ्चार र खेलकुदको सँगसँगै उन्नति आजको आवश्यकता भएको बताउनु भयो । प्रबन्ध निर्देशक राजभण्डारीले बेलुन उडाएर प्रतियोगिताको शुभारम्भ गर्नुभएको थियो ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@gmail.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो News Letter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Meghanath Dhakal**